# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ०७-२०७९/०८०

मिति २०७९/०९/१३ समय: दिनको ११:३० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) | श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) | श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) | श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) | श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) | श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) | श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) | श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) | श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) | श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) | श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

(कार्यवाहक अध्यक्ष)

पूर्ण बहादुर राना (२ वडा)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०९/१३** **वैठक संख्या: ०७-२०७९/०८०**

**प्रस्तावहरुः**

१. गाउँपालिकाको कार्यालयको तर्फबाट जाहेरी गर्ने सम्बन्धमा ।
२. पिडित कर्मचारीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा ।
३. उपचारमा हुने सम्पुर्ण खर्च व्यहोर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको हाताभित्र मिति २०७९/०९/११ गतेको दिन निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं लेखा अधिकृत उमानाथ ढकाल र लेखापाल संजय शर्मालाई केही १०-१२ जनाको समुहले यस कार्यालयभित्र प्रवेश गरी जिन्सी शाखामा र भित्र छिर्ने प्यासेजको बाँयातर्फको झ्यालको शिशा तोडफोड गरी निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं लेखा अधिकृत उमानाथ ढकाल र लेखापाल संजय शर्मालाई कालो मोसो लगाई निर्घात रुपमा लछारपछार गरी कार्यालयबाट बाहिर निकाली निर्मम तरिकाले कुटपिट गरी टाउको, अनुहार लगायतका शरिरका विभिन्न भागहरुमा आक्रमण गरेको व्यहोराको विषयमा इलाका प्रहरी कार्यालय आँबुखैरेनीमा देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट जाहेरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** मिति २०७९/०९/११ गते कार्यालयको हाताभित्र कार्यालय समयभित्र भएको घटनाबाट पिडित कर्मचारीहरु लेखा अधिकृत उमानाथ ढकाल र लेखापाल संजय शर्माको भरतपुर अस्पतालमा उपचार भईरहेकोमा शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** लेखा अधिकृत उमानाथ ढकाल र संजय शर्माको उपचार भरतपुर अस्पतालमा भईरहेकोमा उपचारमा हुने सम्पुर्ण खर्च गाउँपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष